# चन्द्रागिरि नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : ०७९/०८०
च.नं. : ९१

फोन नं. ०१-४३१५७६६
मिति : २०७९/१०/१७

**मौलिक सिपमा आधारित व्यवसायसँग सम्बन्धित व्यक्ति, समुह वा संस्थाहरुले अनुदानका लागि निवेदन पेश गर्ने बारेको १५ दिने सूचना ।**

उपरोक्त विषयमा यस चन्द्रागिरि नगरपालिकाको आ.व. २०७९।०८० को लागि स्वीकृत कार्यक्रमबाट **मौलिक सिपमा आधारित व्यवसाय प्रवर्द्धन तथा अनुदान कार्यविधि, २०७९** बमोजिम कार्यविधिको अनुसूची-१ मा उल्लेख भएका व्यवसाय सञ्चालन गरिरहनु भएका वा गर्न चाहने व्यक्ति, समुह वा संस्थाहरुलाई अनुदान वितरण गर्ने कार्यक्रम रहेको हुँदा, नगरपालिकामा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यविधिको अनुसूची-२ बमोजिमको ढाँचामा तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरि निवेदन पेश गर्नुहुन सरोकारवाला सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

आवश्यक कागजातहरु :

१. व्यवसाय फर्म/समुह/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
३. समुह/संस्थाको निणर्य प्रतिलिपि ( समुह वा संस्था भएमा ।
४. वडा कार्यालयको सिफारिस पत्र ।
५. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
६. सदस्यहरुको विवरण फाराम ( समुह वा संस्था भएमा ) ।

नविन खालिङ्ग
(अधिकृत आठौं)

बोधार्थ:
श्री वडा कार्यालयहरु सबै
आवश्यक सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

लेटर/चनपा.lax.१

अनुसूची-१

(दफा २ को खण्ड (घ) सँग सम्बन्धित)

अनुदान रकम उपलब्ध हुने व्यवसायहरु

| क्र.स. | विवरण |
|---|---|
| १. | परालको चप्पल, सुकुल, गुन्द्री र गलैचा बुन्ने |
| २. | काष्ठकला |
| ३. | डोको, थुन्चे, डालो, नाङ्लो, सोली, ढकी, कोक्रो, पेरुङ्गो, मुढा बुन्ने, दुना टपरी गाँस्ने । |
| ४. | धुप बाट्ने, बत्ती काट्ने, थान्का बनाउने |
| ५. | नाम्लो, दाम्लो, बरियो बनाउने |
| ६. | आरण |
| ७. | तानाबाना, राडीपाखी र हाकु पटासी बुन्ने |
| ८. | छाला जुत्ता बनाउने |
| ९. | बेतबाँस उद्योग |
| १०. | क्रिस्टलको माला, पोते उन्ने |
| ११. | मखमली जुत्ता बनाउने |
| १२. | लाखामरी, चटामरी, वः (वारा), योमरी, सेलरोटी आदि कानूनले निषेध गरे वाहेकका मौलिक खाद्य वस्तु बनाउने |
| १३. | स्थानीय प्रजातिका पंन्छी पालन |
| १४. | ढाकाको टोपी, दौरासुरुवाल, चौबन्दीचोलो सिलाउने सिलाई |
| १५. | मादल, बिनायो, बाँसुरी, मुरली, झ्याली, धिमे, खैजडी उत्पादन गर्ने |
| १६. | माटाका भाँडा बनाउने |
| १७. | गुन्द्रुक, मस्यौरा, सिन्की, चाना बनाउने |
| १८. | कलात्मक मुर्ति बनाउने |
| १९. | हाते स्वीटर, टोपी, मोजा, स्कार्फ बुन्ने, टाई डाई |
| २०. | दही (जुजु धौं), घिउ, खुवा, मह, अचार, तिलौरी, चाकु, सखखर, मिश्री उत्पादन गर्ने |
| २१. | अन्य स्थानीय मौलिक सिपमा आधारित उत्पादनहरु |
| २२. | १-२१ सम्म उल्लेखित व्यवसायहरुसँग सम्बन्धित तालिम सञ्चालन गर्ने |

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

श्री नगर प्रमुखज्यू,
चन्द्रागिरि नगरपालिका,
बलम्बु, काठमाडौं ।

विषयः मौलिक सिपमा आधारित व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रम सम्वन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०......../....../........ गते प्रकाशित सूचना बमोजिम म/हामी ...................................................... फर्म/समुह/संस्थाले मौलिक सिपमा आधारित **व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रम** अन्तर्गत तपशिलमा उल्लेखित व्यवसाय संचालन गर्नको लागि यो निवेदन पेश गरेको/गरेका छु/छौं।

| सि.न. | कार्यक्रम/व्यवसायको नाम | क्रियाकलापको विवरण | कूल अनुमानित लागत रु. | माग गरिएको अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

संलग्न कागजातहरु:

१. व्यवसाय फर्म/समुह/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि

२. कर चुक्ता प्रमाणपत्र

३. समुह/संस्थाको निर्णय प्रतिलिपि (समुह वा संस्था भएमा)

४. वडा कार्यालयको सिफारिस पत्र

५. नागरिकताको प्रतिलिपि

६. सदस्यहरुको विवरण फारम (समुह वा संस्था भएमा)

निवेदककोः

नाम, थर :

दस्तखत :

ठेगाना :

मोवाइल नं :

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

संस्था वा समूह भएः

संस्था वा समूहको नाम :

ठेगाना :

संस्थाको छाप :